# विद्यालयमा आधारित स्वास्थ्य सेवाहरू

## विद्यालयमै छिटो र सजिलो स्वास्थ्य सेवा

Akron Children's Hospital (Children's) का विद्यालय नर्सिङ कर्मचारी र बाल रोग विशेषज्ञहरूले तपाईंको बच्चाको विद्यालयमा बालबालिका तथा किशोरकिशोरीहरूलाई व्यक्तिगत र गोप्य स्वास्थ्य सेवा प्रदान गर्छन्। Telehealth र व्यक्तिगत सेवाहरू उपलब्ध छन्।

तपाईंको अनुमति भएमा, तपाईंको बच्चाले सामान्य बिरामीहरूका लागि उपचार पाउन सक्छन्, जस्तै:

- **खोकी, रुघा र फ्लू**
- **ज्वरो**
- **घाँटी दुखेको र कान दुखेको**
- **एलर्जी र साइनससम्बन्धी समस्याहरू**
- **दम (धम्कीको रोग) नियन्त्रणमा सहयोग**
- **आँखा पाक्ने रोग**
- **डाबर तथा पोइजन आइभीको असर**
- **र थप**

केही विद्यालयहरूले निम्न सेवाहरूका लागि व्यक्तिगत रूपमा पनि भेटघाट उपलब्ध गराउँछन्:

- **वार्षिक स्वास्थ्य जाँच**
- **खेलकुद स्वास्थ्य परीक्षण**
- **खोपहरू**

### फाइदाहरू

- **सुविधाजनक** – तपाईंको बच्चाले स्वास्थ्य सेवा पाउनका लागि तपाईंले काम वा घर छोड्नु पर्दैन।
- **छिटो** – आवश्यक परेमा, तोकिएका औषधिहरू (प्रिस्क्रिप्शन) तपाईंको मनपर्ने औषधि पसलमा पठाइन्छ।
- **जानकारीमूलक** – हेरचाह योजना र भ्रमणका विवरणहरू तपाईंको घरमा हुलाक मार्फत पठाईन्छ र MyChart मा पनि उपलब्ध हुन्छन् (सक्रियता आवश्यक छ)।
- **किफायती** – हामी खाँचोमा परेका कुनै पनि बच्चाको हेरचाह गर्छौं। तपाईंसँग निजी बीमा वा Medicaid छ भने, हामी हाम्रा सेवाहरूका शुल्क त्यसै आधारमा बिल पठाउने छौं।

हाम्रो विद्यालयमा आधारित स्वास्थ्य सेवाहरूका बारेमा थप जानकारीका लागि स्क्यान गर्नुहोस्।



यी सेवाहरूले तपाईंको बच्चाको डाक्टरको स्थान लिँदैनन्। तपाईंको बच्चालाई चिकित्सकको आवश्यकता छ भने हामी तपाईंलाई एउटा चिकित्सक खोज्न मद्दत गर्न सक्छौं।

**प्रश्नहरू छन्? 330-543-7242**

**akronchildrens.org/schoolhealth**

आजको लागि भेटघाटको अनुरोध गर्न यो कोड स्क्यान गर्नुहोस्।